श्री Diijon DaCosta, Sr., *बोर्ड अध्यक्ष*
सुश्री Deirdre P. Pierce, *उपाध्यक्ष*
श्रीमती Anna Hill
सुश्री Whitney McGinniss
सुश्री Allyson Gevertz

डा. Devon Q. Horton, *सुपरिन्टेन्डेन्ट*

**तत्काल प्रकाशन गर्न मिल्ने**

बुधवार, नोभेम्बर 15, 2023

**सम्पर्क:**
Donald Porter, *Ed.D.* 678-481-4110
Carla Parker 404-734-1717

# *यो औपचारिक भएको छ:* DCSD ले परिवर्तनकारी शिक्षकहरूको अर्को पुस्ता विकास गर्न IGNITE DeKalb Teacher Residency Program सुरु गरेको छ।

*50 जनाको प्रारम्भिक समूहका लागि आवेदन खुला गरिएको छ*

(STONE MOUNTAIN, GA) -आज, DeKalb County School District (*DCSD*) ले आफ्नो IGNITE DeKalb Teacher Residency Program को औपचारिक घोषणा गरेको छ, जुन डिस्ट्रिक्टका योग्य शिक्षकहरूका जटिल आवश्यकताहरू सम्बोधन गर्ने सुपरिन्टेन्डेन्ट डा. Devon Q. Horton को विशेष पहल हो।

IGNITE (*I*nspiring *G*reatness and *N*ormalizing *I*nnovation in *T*eacher *E*ducation/शिक्षक शिक्षामा महानतालाई प्रेरणा दिने तथा नवप्रवर्तनलाई समान्य बनाउने) DeKalb Teacher Residency Program एउटा परिवर्तनकारी दृष्टिकोण हो, जसले शिक्षक प्रमाणीकरणका लागि अत्याधिक प्रभावकारी र वैकल्पिक मार्ग प्रदान गर्छ। उच्च गुणस्तरीय, समर्पित शिक्षकहरूको नयाँ जमात तयार गर्ने उद्देश्यको साथमा, IGNITE ले शिक्षाको भविष्यलाई आकार दिन खोज्ने जोशिला व्यक्तिहरूका लागि कक्षाकोठामा हासिलयोग्य बाटो सिर्जना गर्छ। यसले असाधारण शिक्षकहरूको अर्को पुस्ता विकास गरेर जटिल शैक्षिक चुनौतीहरूलाई सम्बोधन गर्ने नविनतम रणनीतिहरूप्रतिको DCSD को प्रतिबद्धतालाई पनि दर्साउँछ।

https://www.dekalbschoolsga.org/ignite/ मा उपलब्ध, भर्खरै सुरु गरिएको वेबसाइटले पर्याप्त मात्रामा ध्यान खिचिसकेको छ। यो सप्ताहान्तमा कार्यक्रमको अघोषित शुभारम्भका दौरान, 400 भन्दा बढी व्यक्तिहरूले रुची अभिव्यक्त गरेका थिए।

**जनवरी 2024 मा सुरु हुने प्रारम्भिक समूहमा 50 सीटहरू मात्र उपलब्ध हुनेछ।** उम्मेदवारहरू प्रतिस्पर्धात्मक चयन प्रक्रिया मार्फत छनोट गरिनेछन्। जुन 2024 बाट प्रत्येक छ महिनामा एउटा नयाँ समूह सुरु गर्ने तालिका तय गरिएको छ।

IGNITE का सम्भावित उम्मेदवारहरूले मान्यताप्राप्त कलेजबाट गैर-शिक्षा क्षेत्रमा न्यूनतम रूपमा 2.5 GPA को साथमा स्नातक डिग्री हासिल गरेको हुनुपर्छ र त्यसका प्राप्त गरेको हुनु पर्दछ। कार्यक्रम पूरा गरेपछि, समूहका ग्राजुएटहरू DCSD मा पाँच वर्षसम्म पढाउन प्रतिबद्ध हुन्छन्।

IGNITE का केही महत्त्वपूर्ण फाइदाहरू तल दिइएका छन्:

- **शिक्षा तथा तालिम:** उम्मेदवारहरूले निःशुल्क रूपमा स्नाकोत्तर डिग्री र आफ्नै खर्च बिना गहन तालिम प्राप्त गर्छन्।
- **आर्थिक सहायता:** प्रशिक्षण वर्षका दौरान $30,000 को जीवन निर्वाह स्टिपेन्ड प्रदान गरिन्छ।
- **जागिरको सुरक्षा:** सफल उम्मेदवारहरूलाई $57,000 को न्यूनतम सुरुवाती तलवको साथमा DCSD मा अध्यापनको जागिर पक्का गरिन्छ।

IGNITE कार्यक्रमको विस्तृत विवरणका लागि तथा आवेदन दिन, कृपया निम्न वेबसाइटमा जानुहोस्:
https://www.dekalbschoolsga.org/ignite/

IGNITE कार्यक्रमका लागि डा. Horton को परिकल्पना यहाँ गएर हेर्नुहोस्:
https://www.youtube.com/watch?v=4ukD0BCqxrc

XXX